# नरैनापुर गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नरैनापुर, बाँके
## लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७७/०७८ मिति :- २०७७/०८/२६

## लक्षित वर्ग सम्बन्धी कार्यक्रम संचालनका लागि गैर सरकारी संस्थाहरुलाई प्रस्ताव पेश गर्ने बारेको सूचना

(प्रकाशित मिति २०७७/०८/२६)

नरैनापुर गाउँपालिकाको चालु आ.व. २०७७/०७८ का लागि स्वीकृत लक्षित वर्ग सम्वन्धी देहायमा उल्लेखित कार्यक्रमहरु चालु आ.व. मा सम्पन्न गर्नका लागि स्थानीय गैर सरकारी संस्थाहरुद्वारा संचालन गर्नुपर्ने भएकोले तोकिएको शर्तको अधिनमा रही काम गर्न ईच्छुक संस्थाहरुद्वारा आवश्यक कागजात संलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिल्वन्धि प्रस्ताव पेश गर्नहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| क.सं. | कार्यक्रमको नाम | संचालन हुने स्थान | इकाई (पटक) | सहभागी संख्या | बिनियोजित रकम |
|---|---|---|---|---|---|
| १ | नव दुलही सिलाई मेसिन तालिम | गा.पा. | १ | २५-३० | ५,००,०००/- |
| २ | लोक सेवा तयारी कक्षा संचालन | गा.पा. | १ | ३०-५० | ५,००,०००/- |
| ३ | युवा उद्यमीलाई अनुदान सहयोग | गा.पा. | १ | १५-३० | ५,००,०००/- |
| ४ | डकर्मी/सिकर्मी तालिम | गा.पा. | १ | २५-३५ | ५,००,०००/- |

शर्तहरु :-

१. जिल्ला स्थित सरकारी निकाय तथा यस गाउँपालिकामा व्यवसाय दर्ता तथा नविकरण भएको ।
२. संस्थाको विधानमा भएको उद्देश्य र प्रस्तावित कार्यक्रम बिच तालमेल भएको ।
३. क्षेत्रगत कार्यको अनुभव भएको ।
४. आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको ।
५. नियमानुसार वार्षिक नविकरण गरेको ।
६. आ.व. २०७६/०७७ सम्मको लेखा परिक्षण सम्पन्न गरेको ।
७. आ.व. २०७६/०७७ को कर चुक्ता गरेको ।
८. गाउँपालिकामा बुझाउनु पर्ने सबै प्रकारका कर चुक्ता गरेको ।
९. आफ्नै कार्यालय भएको वा घर भाडामा लिई कार्यालय संचालन गरेको ।
१०. स्थानीय निकायमा काम गरेको अनुभव ।
११. संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरी पत्र संलग्न गरेको ।
१२. प्रस्ताव पेश गर्नुपूर्व सो सम्वन्धित कार्यक्षेत्रगत शर्त ToR अनिवार्य रुपमा लिई सो का आधारमा तयार गरेको हुनुपर्नेछ ।